नेपाल सरकार
शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय
# पाठ्यक्रम विकास केन्द्र
सानोठिमी, भक्तपुर

(मान्यता समकक्षता तथा मूल्याङ्कन शाखा)

फोन नं. ६६३०५८८
६६३४११९
६६३००८८
फ्याक्स : ६६३०७९७
नोटिस बोर्ड: १६१८०१६६३०७९७
सानोठिमी, भक्तपुर
www.moecdc.gov.np

पत्र संख्या:- ०७९/८०

चलानी नं.:- ५४०

मिति: २०८०।०२।०४

सम्बन्धित सबै प्रकाशन गृह,
नेपाल ।

विषय : पूर्व प्राथमिक तहमा प्रयोग हुने पाठ्यसामग्री स्वीकृति लिनु पर्ने सम्बन्धी सूचना।

प्रस्तुत विषयमा पूर्व प्राथमिक तहमा प्रयोग हुने पाठ्यसामग्रीको गुणस्तर कायम गरी एकरुपता कायम गर्न विद्यालय तहका अन्य पाठ्यसामग्री सरह पूर्व प्राथमिक तहमा प्रयोग हुने पाठ्यसामग्रीपनि मूल्याङ्कन गरी स्वीकृत सम्बन्धी कार्य गर्ने भनी राष्ट्रिय पाठ्यक्रम विकास तथा मूल्याङ्कन परिषद्को मिति २०८०।०१।२० मा निर्णय भएकाले आगामी शैक्षिक सत्र २०८१ देखि पूर्व प्राथमिक तहमा प्रयोग गर्ने पाठ्यसामग्रीहरु यस केन्द्रमा पेश गरी मूल्याङ्कन गरेर स्वीकृत पाएपछि मात्र छपाइ तथा बिक्रिवितरण गर्न सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ। यस अगाडी प्रयोगमा आइसकेका पाठ्यसामग्रीहरूपनि मूल्याङ्कनका लागि पेश गर्नुहुन र स्वीकृति भएपछि मात्र प्रयोगमा ल्याउने व्यवस्था गर्नुहुनसमेत जानकारी गराइन्छ। साथै पाठ्यसामग्री मूल्याङ्कनका लागि पेश गर्ने सम्बन्धी विषय र प्रक्रिया सम्बन्धमा पुनः सूचना प्रकाशित गरी जानकारी गराइने ब्यहोरासमेत अनुरोध छ।

तारा पाण्डे तिवारी
शाखा अधिकृत
२०८०।०२।०४